# कुमारी बैंक लि.
# को
# विशेष साधारण सभाको
# निर्णय विवरणहरु
# (माईन्यूट)

२०७९/०८/२५

# श्री कुमारी बैंक लिमिटेड

**को**

**विशेष साधारण सभाको निर्णय विवरण (माईन्यूट)**

श्री कुमारी बैंक लिमिटेडको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१) **सभाको मिति, स्थान र समय :**
मिति : २०७९ साल मंसिर महिना २५ गते आइतबार (तदनुसार ११ डिसेम्बर २०२२)
स्थान : कुमारी बैंक लिमिटेड, नक्साल कार्यालय (प्रहरी प्रधान कार्यालय अगाडि) काठमाण्डौं ।
समय : दिउँसो १:०० बजे ।

२) **सभाको सूचना :**
(क) बैंकको मिति २०७९/०७/०७ मा बसेको सञ्चालक समितिको बैठकले निर्णय अनुसार विशेष साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार मिति २०७९/०८/०९ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७९/०८/१३ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित गरिएको ।
(ख) बैंकको विशेष साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

क. **विशेष प्रस्ताव**

(१) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्वन्धमा गरिएको अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पूरा गरी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडसँग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

(३) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि भएको मर्जर सम्बन्धी समझदारी पत्र (MOU), संयुक्त मर्जर समिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्वको मुल्यांकन (DDA) गर्न संचालक समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

(४) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) प्रयोजनका लागि मुल्यांकनकर्ताबाट प्राप्त चल/अचल सम्पत्ति तथा कारोबारको मुल्यांकन प्रतिवेदन ( Due Diligence Audit-DDA) को आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) १:१ स्वीकृत गर्ने सम्बन्धमा ।

(५) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष साधारण सभाबाट पारित प्रस्तावहरुको सम्बन्धमा नेपाल राष्ट्र बैंक वा अन्य

KUMARI BANK LTD. CORPORATE OFFICE

नियमनकारी निकायबाट कुनै निर्देशन दिएमा सो निर्देशन कार्यान्वयन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(६) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संयुक्त मर्जर समितिबाट मर्ज कार्य सम्पन्न गर्न र मर्ज भए पश्चात बन्ने संस्थालाई आवश्यक पर्ने मानव संशाधन व्यवस्थापन, भौतिक तथा अन्य कार्यहरु गर्न गरेको खर्च, सम्झौताहरु तथा सम्पूर्ण कार्यहरु अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(७) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभिए पछि बन्ने संस्था कुमारी बैंक लिमिटेडको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही अनुसार पूँजी वृद्धि गरी वृद्धि भएको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी अनुसार प्रवन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) संशोधन गर्ने तथा नियमावलीको नियम ८ मा संचालक संख्या ७ जना हुने गरी र नियम २९ मा संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

ख. विविध ।

४) **सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १) | श्री अमिर प्रताप ज.ब.राणा | अध्यक्ष – | उपस्थित |
| २) | प्रा.डा. गणेश प्रसाद पाठक | सञ्चालक – | उपस्थित |
| ३) | श्री महेश प्रसाद पोखरेल | सञ्चालक – | उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवाली | सञ्चालक – | उपस्थित |
| ५) | श्री अनुराधा चौधरी | सञ्चालक – | उपस्थित |

**(ख) बैंक पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) | श्री रामचन्द्र खानाल | - प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री विकास खनाल | - सहायक महाप्रवन्धक |
| ३) | श्री क्षितिज खड्का | - सहायक महाप्रवन्धक |
| ४) | श्री अनिष ताम्राकार | - सहायक महाप्रवन्धक |
| ५) | श्री रोहित सिंह | - बरिष्ठ प्रवन्धक |
| ६) | श्री अश्विन बाबु श्रेष्ठ | - कम्पनी सचिव |

५) **सभाको गणपूरक संख्या :**

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | १४,७१,११,८३३.२६ कित्ता |
| आवश्यक न्यूनतम गणपुरक शेयर संख्या | ७,३५,५५,९१७ कित्ता |
| स्वयं उपस्थिति शेयर संख्या | २०,३४३,२९१ कित्ता |
| प्रतिनिधि मार्फत उपस्थिति शेयर संख्या | ६६,२१९,८५४ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ८६,५६३,१४५ कित्ता |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५८.८४% |
| शेयरधनी स्वयं उपस्थिति | २७० जना |
| प्रतिनिधि मार्फत | ६१४ जना |
| जम्मा उपस्थित शेयरधनी संख्या | ८८४ जना |



KUMARI BANK LTD. CORPORATE OFFICE

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका छन् ।

६) **सभाको वैधानिकता :**
सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार दिनको १:०० बजेसम्म कूल शेयर संख्या १४,७१,११,८३३.२६ कित्ताको ५०% भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार ५८.८४% कित्ता संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७) **सभाको अध्यक्षता :**
कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित बैंकका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ–आफ्नो स्थानमा आसन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

८) **अध्यक्षज्यूको मन्तव्य :**
सभामा स्वयं तथा अनलाइन मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विशेष प्रस्तावहरु बारेमा संक्षिप्त प्रस्तुतिकरण गर्नुभयो । विशेष साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण विशेष प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **छलफलका लागि आव्हान :**
साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

१०) **छलफलमा सहभागी हुने शेयरधनीहरु र व्यक्त धारणा, जिज्ञासा, तथा सुझाव :**
छलफलमा सहभागी हुनुभएका देहायका शेयरधनीहरुबाट विशेष साधारण सभाको सफलताको कामना गर्दै सभामा प्रस्तुत कुमारी बै.क लि. र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धी विशेष प्रस्तावहरुलाई लिखित एवं मौखिकरुपमा आफ्नो धारणा राख्नु भएको थियो ।

१.श्री व्यास कुमार श्रेष्ठ
२.श्री गुणराज भट्ट
३.श्री डमरु वल्लभ घिमिरे

KUMARI BANK LTD. CORPORATE OFFICE

४.श्री शिव प्रसाद पौडेल
५.श्री उद्धव प्रसाद घिमिरे
६.श्री ब्रम्ह देव शाक्य
७.श्री नरसिंह लाल चखुँ
८.श्री रोज कुमार श्रेष्ठ
९.श्री लवराज जोशी
१०.श्री राम गोपाल श्रेष्ठ
११.श्री वलराम नेउपाने
१२.श्री अंगराज भारति
१३.श्री महेन्द्र बहादुर श्रेष्ठ

११) **सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवालहरुको जवाफः**
छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले देहाय बमोजिम जिज्ञाशालाई स्पष्ट गर्नुभयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

**अध्यक्षज्यूको जवाफ :-**
शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्दै प्राप्त सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै बैंकको उत्तरोत्तर प्रगतिको लागि बैंकले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो । विशेष साधारण सभा गर्न प्रचलित कम्पनी ऐन तथा बैंकको नियमावली बमोजिम पर्याप्त गणपूरक संख्याको रुपमा शेयर संख्या र शेयरधनीहरुको उपस्थिति रहेको जानकारी दिनु भयो ।

यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ती सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह बीच छलफल गरी उपयुक्त देखिएको र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने विश्वास दिलाउनु भयो । तत्पश्चात अध्यक्षज्यूले निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति माग्दै छलफलका विषयहरुलाई निर्णयार्थ पेश गरी त्यसपछि क्रमैसँग विशेष प्रस्ताव पारित गरिदिन अनुरोध गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

१२) **सभाको प्रस्ताव तथा पारित निर्णयहरु :**

**क. विशेष प्रस्तावहरु तथा निर्णय:**

**(१) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

निर्णय:- सभामा निर्धारित विषय सूची नं.(क)(१) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गरिदिन निर्णयार्थ पेश हुँदा सो प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(२) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्बन्धमा गरिएको अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पूरा गरी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडसँग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।**

निर्णय :-सभामा निर्धारित विषय सूची नं.(क)(२) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्बन्धमा गरिएको अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पूरा गरी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडसँग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरिदिन निर्णयार्थ पेश हुँदा सो प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(३) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि भएको मर्जर सम्बन्धी समझदारी पत्र (MOU), संयुक्त मर्जर समिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्वको मुल्यांकन (DDA) गर्न संचालक समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

निर्णय :- सभामा निर्धारित विषय सूची नं.(क) (३) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि भएको मर्जर सम्बन्धी समझदारी पत्र (MOU), संयुक्त मर्जर समिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्वको मुल्यांकन (DDA) गर्न S.A.R. and Associates लाई नियुक्ति गर्ने गरी संचालक समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने प्रस्ताव पारित गरिदिन निर्णयार्थ पेश हुँदा सो प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(४) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) प्रयोजनका लागि मुल्यांकनकर्ताबाट प्राप्त चल/अचल सम्पत्ति तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) को आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) १ : १ स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय :- सभामा निर्धारित विषय सूची नं.(क)(४) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) प्रयोजनका लागि मुल्यांकनकर्ताबाट प्राप्त चल/अचल सम्पत्ति तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) समेतको

KUMARI BANK LTD. CORPORATE OFFICE

आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) १ : १ स्वीकृत गर्ने प्रस्ताव पारित गरिदिन निर्णयार्थ पेश हुँदा सो प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(५) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष साधारण सभाबाट पारित प्रस्तावहरुको सम्बन्धमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन दिएमा सो निर्देशन कार्यान्वयन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

निर्णय :- सभामा निर्धारित विषय सूची नं.(क)(५) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष साधारण सभाबाट पारित प्रस्तावहरु कार्यान्वयनको सम्बन्धमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन दिएमा सो निर्देशन कार्यान्वयन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरिदिन निर्णयार्थ पेश हुँदा सो प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(६) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संयुक्त मर्जर समितिबाट मर्ज कार्य सम्पन्न गर्न र मर्ज भए पश्चात बन्ने संस्थालाई आवश्यक पर्ने मानव संशाधन व्यवस्थापन, भौतिक तथा अन्य कार्यहरु गर्न गरेको खर्च, सम्झौताहरु तथा सम्पूर्ण कार्यहरु अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

निर्णय :- सभामा निर्धारित विषय सूची नं.(क)(६) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा संयुक्त मर्जर समितिबाट मर्ज कार्य सम्पन्न गर्न र मर्ज भए पश्चात बन्ने संस्थालाई आवश्यक पर्ने मानव संशाधन व्यवस्थापन, भौतिक तथा अन्य कार्यहरु गर्न गरेको खर्च, सम्झौताहरु तथा सम्पूर्ण कार्यहरु अनुमोदन गर्ने प्रस्ताव पारित गरिदिन निर्णयार्थ पेश हुँदा सो प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(७) कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभिए पछि बन्ने संस्था कुमारी बैंक लिमिटेडको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही अनुसार पूँजी वृद्धि गरी वृद्धि भएको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी अनुसार प्रवन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) संशोधन गर्ने तथा नियमावलीको नियम ८ मा संचालक संख्या ७ जना हुने गरी र नियम २९ मा संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

निर्णय :- सभामा निर्धारित विषय सूची नं.(क)(७) बमोजिम कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभिए पछि बन्ने संस्था कुमारी बैंक लिमिटेडको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही अनुसार पूँजी वृद्धि गरी वृद्धि भएको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी अनुसार प्रबन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) संशोधन गर्ने तथा नियमावलीको नियम ८ मा संचालक संख्या ७ जना हुने गरी र नियम २९ मा संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव पारित गरी दिन अनुरोध गरेकोमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने गरी कुमारी बैंक लि.को प्रवन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो साथै उक्त संशोधनमा नेपाल राष्ट्र बैंक

KUMARI BANK LTD. CORPORATE OFFICE

तथा अन्य नियमनकारी निकायबाट परिवर्तन वा हेरफेरका लागि कुनै निर्देशन भएमा सो बमोजिम मिलाउन परेमा सो कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले पारित गरेको छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

**कुमारी बैंक लिमिटेड**
**को**
**संशोधित प्रबन्धपत्र**

**<u>५. बैंकको पूँजीको संरचना :</u>** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–

(क) बैंकको अधिकृत पूँजी रु.२७,००,००,००,०००/-(अक्षरुपी सत्ताईस अर्ब रुपैया) हुनेछ र उक्त पूँजीलाई रु.१००/- का दरले २७,००,००,००० (सत्ताईस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू.२६,२२,५८,६१,३४०/-(अक्षरुपी छब्बीस अर्ब बाईस करोड अन्ठाउन्न लाख एकसठ्ठी हजार तीन सय चालीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१०० दरका २६,२२,५८,६१३ (छब्बीस करोड बाईस लाख अन्ठाउन्न हजार छ सय तेह्र) थान साधारण शेयरमा विभाजन गरिनेछ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रु.२६,२२,५८,६१,३४०/-(अक्षरुपी छब्बीस अर्ब बाईस करोड अन्ठाउन्न लाख एकसठ्ठी हजार तीन सय चालीस मात्र) हुनेछ ।

**कुमारी बैंक लिमिटेड**
**को**
**संशोधित नियमावली**

**<u>८. संचालकको संख्या र कार्यकाल :</u>** (१) संचालकहरुको निर्वाचन तथा नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही साधारण सभाबाट हुनेछ । तर व्यवसायिक संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।

(२) यस बैंकमा कम्तीमा १ जना महिला सहित ७ जनाको संचालक समिति हुनेछ । संचालक समितिको समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

(क) संस्थापक समूहका शेयरधनीबाट निर्वाचित ३ जना ।

(ख) सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित ३ जना ।

(ग) स्वतन्त्र संचालक १ जना ।

२९. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:</u> (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ ।



KUMARI BANK LTD. CORPORATE OFFICE

(क)दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मात्र समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक तथा सुविधा पाउने छ ।

(ख)सञ्चालक समितिको प्रत्येक वैठकमा उपस्थित भए वापत अध्यक्षलाई रु.१६,०००/- र सञ्चालकहरुलाई रु.१४,०००/- वैठक भत्ता तथा टेलिफोन, मोबाईल र पत्रपत्रिका खर्च वापत अध्यक्ष तथा सञ्चालकहरुलाई मासिक रुपमा रु.१२,०००/- एकमुष्ठ भुक्तानी गरिनेछ ।

(ग)बैंकको कामको सिलसिलामा हुने व्यावसायिक भ्रमण खर्चलाई देहाय बमोजिम ५(पाँच) क्षेत्रमा वर्गिकरण गरी तोकिएको छ ।

(१)संयूक्त राज्य अमेरीका, यूरोप, जापान, अष्ट्रेलिया, न्युजिल्याण्ड, सिंगापुर तथा दक्षिण कोरिया ।

**होटल सुविधा:**
अध्यक्ष : ३०० अमेरिकी डलर, सञ्चालक : २७५ अमेरिकी डलर
**दैनिक खाना:**
अध्यक्ष : १६० अमेरिकी डलर, सञ्चालक : १५० अमेरिकी डलर
**पकेट खर्च:**
अध्यक्ष : ७५ अमेरिकी डलर, सञ्चालक : ७० अमेरिकी डलर

(२)सार्क राष्ट्रका मुलुक र प्रकरण (१) मा उल्लेखित मुलुकहरू बाहेकका अन्य राष्ट्रहरू

**होटल सुविधा:**
अध्यक्ष : २५० अमेरिकी डलर, सञ्चालक : २२५ अमेरिकी डलर
**दैनिक खाना:**
अध्यक्ष : १२० अमेरिकी डलर, सञ्चालक : ११० अमेरिकी डलर
**पकेट खर्च:**
अध्यक्ष : ७० अमेरिकी डलर, सञ्चालक : ६५ अमेरिकी डलर

(३) नेपाल र भारत बाहेकका अन्य सार्क राष्ट्रहरू ।

**होटल सुविधा:**
अध्यक्ष : १७० अमेरिकी डलर, सञ्चालक : १६० अमेरिकी डलर
**दैनिक खाना:**
अध्यक्ष : १२० अमेरिकी डलर, सञ्चालक : ११० अमेरिकी डलर
**पकेट खर्च:**
अध्यक्ष : ७० अमेरिकी डलर, सञ्चालक : ६५ अमेरिकी डलर

(४)भारत ।
**होटल सुविधा:**
अध्यक्ष : १७० अमेरिकी डलर बराबरको भारतीय रूपैयाँ,
सञ्चालक : १६० अमेरिकी डलर बराबरको भारतीय रूपैयाँ

दैनिक खाना:
अध्यक्ष : ६० अमेरिकी डलर बराबरको भारतीय रूपैयाँ,
सञ्चालक : ५० अमेरिकी डलर बराबरको भारतीय रूपैयाँ

पकेट खर्च:
अध्यक्ष : ५० अमेरिकी डलर बराबरको भारतीय रूपैयाँ,
सञ्चालक : ४० अमेरिकी डलर बराबरको भारतीय रूपैयाँ

(५) नेपाल ।

होटल सुविधा:

(अ) होटल तथा खाना खर्च बिल बमोजिम ।

| | | |
|---|---|---|
| दैनिक भत्ता : | अध्यक्ष : ने.रू. ८,०००/- | सञ्चालक : ने.रू. ७,०००/- |
| दैनिक खाना : | अध्यक्ष : ने.रू. ३,०००/– | सञ्चालक : ने.रू. २,५००/- |
| पकेट खर्च: | अध्यक्ष : ने.रू. २,५००/- | सञ्चालक : ने.रू. २,१००/- |

उपरोक्त बमोजिम भत्ता काठमाडौं उपत्यका बाहिर घर भएका अध्यक्ष वा सञ्चालक काठमाडौंमा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा तथा काठमाडौं बाहिर सञ्चालक समितिको बैठक बस्दा सम्बन्धित ठाउँमा घर नभएका अध्यक्ष वा सञ्चालकहरुले समेत पाउने छन् ।

नोट : यातायात खर्च वास्तविक विल बमोजिम हुने ।

(घ) होटल तथा खाना सुविधाको रकमको बिल विजक प्रस्तुत गर्नु पर्नेछ ।

(ङ) सञ्चालकहरूको अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(च) सञ्चालकले यस नियममा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाईदा वा सुविधा लिएको पाईएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

(छ) अध्यक्ष एवं सञ्चालकहरू विदेश भ्रमणमा जांदा निजलाई सम्पूर्ण जोखिम समेट्ने गरी यात्रा बीमा तथा अमेरिकी डलर ५०,०००/- सम्मको औषधीपचार बीमा सुविधा (यात्रा अवधिभरको लागि) उपलब्ध गराईनेछ ।

**ख. विविध ।**
प्रस्ताव खण्डको (ख) को विविध शीर्षक अन्तर्गत केही नभएको ।

१३) **धन्यवाद ज्ञापन :**
छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले विशेष साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा बैंकको विशेष साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक वर्ग, बैंक व्यवस्थापन समूह, सम्पूर्ण कर्मचारी वर्ग लगायत

KUMARI BANK LTD. CORPORATE OFFICE

सकारात्मक मन्तब्य तथा सुझावहरु प्रस्तुत गरेकोमा शेयरधनी महानुभावज्यूहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४) **सभा विसर्जन :**
अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले बैंकको विशेष साधारण सभा दिनको ३:०० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

............................
अश्विन बाबु श्रेष्ठ
कम्पनी सचिव

KUMARI BANK LTD. CORPORATE OFFICE

............................
अमिर प्रताप ज.ब.राणा
अध्यक्ष

**************